दर्ता नं: १२९६/०६७/०६८
पान नं: ६००१०९९९२

# वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड
# Womi Laghubitta Bittiya Sanstha Ltd.

(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजत प्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालयः बनेपा-१४, काभ्रेपलाञ्चोक
फोनः ०११-६६३७१९, ६६२२७५
फ्याक्सः +९७७-११-६६२२७५

च.नं.-१४३/०७६/७७/ख-८

मिति : २०७६।०९।२०

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड
काठमाण्डौं

**विषयः बोनस शेयर तथा नगद लाभांश प्रस्ताव गरिएको बारे ।**

महाशय,

यस वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०७६ साल पौष २० गते दिउँसो ३ बजे आइतवार वसेको वैठकले आर्थिक वर्ष २०७५/०७६ सम्मको सञ्चित मुनाफा तथा शेयर प्रिमियमबाट शेयरधनीहरुलाई हाल कायम चुक्ता पूँजी रु २५,२५,७६,०००।- (अक्षरुपी पच्चीस करोड पच्चीस लाख छयहत्तर हजार) को २० प्रतिशत बोनस शेयर रु ५,०५,१५,२००।- (अक्षरुपी पाँच करोड पाँच लाख पन्ध्र हजार दुइ सय) तथा ६ प्रतिशत नगद लाभांश (बोनस शेयर तथा नगद लाभांशमा लाग्ने कर सहित) रु १,५१,५४,५६०।- (अक्षरुपी एक करोड एकाउन्न लाख चौवन्न हजार पाँच सय साठी) गरी कुल २६ प्रतिशत लाभांश रु ६,५६,६९,७६०।-(अक्षरुपी छ करोड छपन्न लाख उनान्सत्तरी हजार सात सय साठी) वितरण गर्ने प्रस्ताव गरेको व्यहोरा निर्णयानुसार अनुरोध गरिन्छ ।

उपरोक्त बमोजिमको प्रस्तावित बोनस शेयर तथा नगद लाभांश नेपाल राष्ट्र बैंकबाट स्वीकृत भै आएमा संस्थाको आगामी हुने साधारण सभामा स्वीकृतार्थ पेश गरिने व्यहोरा समेत जानकारीका लागि अनुरोध गरिन्छ ।

भवदीय,

प्रमेश आचार्य
प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव

वोधार्थ
१) श्री नेपाल धितोपत्र बोर्ड, ललितपुर ।
२) श्री सिडिएस एण्ड क्लियरिङ्ग लि., काठमाण्डौं ।